# प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको स्वास्थ्य उपचार कोष सम्बन्धी कार्यविधि, २०७६

पहिलो संशोधन – मिति २०७७।२।२

प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ११ मा प्रदेश सभा सचिवालयमा एक छुट्टै उपचार कोष रहने कानूनी व्यवस्था भएको हुँदा सोही दफाको उपदफा (३) बमोजिम कोष गठन तथा संचालन सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले, प्रदेश नं. ५ प्रदेश सभा सचिवालयले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको स्वास्थ्य उपचार कोष सम्बन्धी कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि मिति २०७६।०४।०१ देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "ऐन" भन्नाले प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन २०७५ सम्झनुपर्छ ।

(ख) "कोष" भन्नाले ऐनको दफा ११ उपदफा (१) बमोजिमको कोष सम्झनुपर्छ ।

(ग) "स्वीकृत चिकित्सक" भन्नाले सरकारी सेवामा रहेका वा प्रचलित कानून बमोजिम चिकित्सकको रुपमा दर्ता भएका डाक्टर, अधिकृत कविराज, एकीकृत चिकित्सा अधिकृतलाई सम्झनुपर्छ ।

(घ) "पदाधिकारी" भन्नाले प्रदेश नं. ५ प्रदेश सभाका सभामुख, उपसभामुख, विपक्षी दलको नेता, सत्ता पक्षको प्रमुख सचेतक, सभापति, विपक्षी दलका प्रमुख सचेतक, दलको नेता, सत्ता पक्षको सचेतक, विपक्षी दलको सचेतक र दलको प्रमुख सचेतकलाई सम्झनुपर्छ ।

(ङ) "प्रदेश सभा" भन्नाले प्रदेश नं. ५ को प्रदेश सभा सम्झनुपर्छ ।

(च) "प्रदेश सरकार" भन्नाले प्रदेश नं. ५ को प्रदेश मन्त्रिपरिषद् सम्झनुपर्छ ।

(छ) "सचिव" भन्नाले प्रदेश सभाको सचिवलाई सम्झनुपर्छ ।

(ज) "सचिवालय" भन्नाले प्रदेश नं. ५ को प्रदेश सभा सचिवालयलाई सम्झनुपर्छ ।

(झ) "सदस्य" भन्नाले कोषबाट उपचार खर्च पाउने प्रदेश सभा सदस्यलाई बुझ्नुपर्छ ।

(ञ) "प्रेस्क्प्सन" भन्नाले स्वीकृत चिकित्सकले सम्बन्धित बिरामीको रोग निदान गर्दा लेखिदिएको औषधि, अन्य मेडिकल जाँच र परामर्श सेवा समेतलाई जनाउनेछ ।

(ट) "समिति" भन्नाले यस कार्यविधिको दफा ४ बमोजिम गठित कोष संचालन समिति सम्झनुपर्छ ।

३. **कोषको स्थापना:** (१) ऐनको दफा ११ को उपदफा (१) बमोजिम स्वास्थ्य उपचार कोष नामको एक कोष स्थापना गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकमहरु रहनेछन्:-

दुर्लभ कुमार पुन मगर
सचिव

(क) प्रदेशसभाको चालुतर्फको विनियोजित बजेटमा रहेको औषधि उपचार खर्च र पदाधिकारी सामाजिक सुरक्षा कोष खर्च शीर्षकको रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त भएको रकम,

(ग) नेपाल सरकारबाट प्राप्त हुने रकम,

(३) उपदफा (२) बमोजिम प्राप्त हुने रकम प्रदेश लेखा नियन्त्रक कार्यालयको नाममा रहेको विविध खातामा जम्मा गरिनेछ ।*

(४) कोषको खाता संचालन सचिव र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(५) यो कोष एक स्थायी कोषको रुपमा रहनेछ । कोषको खातामा जम्मा गरिएको रकम प्रदेशसभा रहुञ्जेल संचित हुँदै जानेछ ।

४. **कोष संचालन समितिको गठन:** (१) कोषको व्यवस्थापन र संचालनका लागि देहाय बमोजिमको कोष संचालन समिति रहनेछ :

(क) सचिव, प्रदेश सभा, प्रदेश नं. ५ - अध्यक्ष

(ख) प्रतिनिधि, मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय - सदस्य

(ग) प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालयको - सदस्य

(घ) मेडिकल सुपरिटेन्डेन्ट, लुम्बिनी प्रादेशिक अस्पताल - सदस्य

(ङ) लेखा अधिकृत - सदस्य सचिव

५. **कोष संचालन समितिको काम कर्तव्य र अधिकार** : कोषको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) कोषबाट गरिने खर्चको एकिन गर्ने,

(२) कोषबाट गरिने खर्चको सम्बन्धमा आवश्यक नीति योजना निर्धारण गर्ने,

(३) दफा ७ बमोजिम उपचार कोषबाट व्यहोरिने खर्चको सम्बन्धमा निर्णय गर्ने,

(४) कोषको हिसाब किताब अद्यावधिक राख्ने,

(५) दफा ८ बमोजिमको सीमा भित्र रही पदाधिकारी तथा सदस्यहरुले देहाय बमोजिम पेश गरेका प्रमाणका आधारमा भुक्तानी गर्नुपर्ने रकम एकिन गर्ने,

(क) स्वीकृत चिकित्सकको प्रेस्कृप्सन,

(ख) खण्ड (क)मा उल्लेखित औषधी र मेडिकल जाँचको बिल,

(ग) खण्ड (क)मा उल्लेखित प्रेस्कृप्सन अनुसार रोग निदान र उपचारका क्रममा आवश्यक मेडिकल र सर्जिकल साधनहरुको बिल,

(घ) मेडिकल जाँचका रिपोर्टहरु,

(ङ) अस्पताल, ब्लड बैंक वा अन्य स्वास्थ्य संस्थाले सम्बन्धित उपचारका निम्ति आवश्यक सेवा तथा वस्तु उपलब्ध बापत दिएको बिल भरपाईहरु ।

(६) उपदफा (५) बमोजिम प्राप्त बिल भरपाई समितिले जाँची भुक्तानी गर्नुपर्ने रकम निर्धारण गरी सिफारिस गर्ने,

(७) कोषसँग सम्बन्धित अन्य आवश्यक काम गर्ने ।

दुर्लभ कुमार पुन मगर
सचिव

---

* पहिलो संशोधनद्वारा संशोधित

६. **समितिको बैठक सम्बन्धी व्यवस्था:** (१) समितिको बैठक सामान्यतया प्रत्येक महिनाको १५ गते बस्नेछ । उक्त दिन बिदा पर्न गएमा सो लगतै कार्यालय खुलेको दिनमा बस्नेछ । तर अत्यावश्यक परेको अवस्थामा अध्यक्षको निर्देशन बमोजिम सदस्य सचिवले अन्य जुनसुकै बखत बैठक बोलाउन सक्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको समय र स्थानमा बस्नेछ ।

(३) समितिले आवश्यक ठानेमा अन्य कुनै विषय विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ ।

(५) कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरुको उपस्थिति भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको बैठकमा भाग लिए बापत समितिको अध्यक्ष, सदस्य र आमन्त्रित विशेषज्ञलाई प्रचलित कानून बमोजिमको बैठक भत्ता कोषबाट खर्च नगर्ने गरी उपलब्ध गराइनेछ ।

७. **कोषबाट उपचार खर्च उपलब्ध गराउने प्रक्रिया:**

(१) उपचार खर्च लिने पदाधिकारी तथा सदस्यले दफा ५ को उपदफा (५) बमोजिमका सक्कल कागजातहरु सहित अनुसूचि १ को ढाँचामा सूचना (निवेदन) दिनेछ ।

(२) हरेक महिनाको १५ गतेसम्म संकलन भएका सूचना (निवेदन) उपर समितिको बैठकले जाँचबुझ गर्नेछ ।

(३) समितिले स्वीकृत गरेका सूचना (निवेदन)सँग संलग्न बिलको भुक्तानी सम्बन्धित सदस्यको खातामा जम्मा गरिनेछ ।

८. **उपचार खर्चको सिमा:** पदाधिकारी तथा सदस्यले एक आर्थिक वर्षमा उपचार कोषबाट स्वीकृत चिकित्सकको प्रेस्कृप्सन अनुसार गरिएको उपचारको बील बमोजिमको रकम वा अधिकतम रु. ५,००,०००।- (पाँच लाख) रकम मध्ये जुन घटी हुन्छ सोही बमोजिमको रकम उपचार सुविधा पाउनेछ ।

९. **शोधभर्ना:** उपचार खर्च वितरण गर्दै जाँदा शुरु मौज्दातको ५०% भन्दा कम रकम बाँकी रहन गएमा वा प्रत्येक चौमासिकसम्ममा खर्च भएको रकम बापत कोषको मौज्दातलाई १००% रकम पुऱ्याउने गरी आर्थिक मामिला तथा योजना मन्त्रालयबाट खर्च भएको रकम शोधभर्ना माग गरिने छ ।

१०. **लेखा र लेखा परीक्षण:** (१) उपचार कोषको आय-व्ययको लेखा प्रदेश सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ ।

(२) उपचार कोषको लेखा परीक्षण महालेखा परिक्षक वा निजले तोकेको लेखा परिक्षकबाट हुनेछ ।

११. **वार्षिक प्रतिवेदन:** कोष संचालन समितिले आफ्नो काम कारवाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको ३ (तीन) महिना भित्र सभामुख समक्ष पेश गर्नेछ ।

दुर्लभ कुमार पुन मगर
सचिव

अनुसूची-१

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

मिति :

श्री सचिव ज्यू,
प्रदेश सभा सचिवालय,
प्रदेश नं. ५, बुटवल ।

विषय: उपचार खर्च वापतको रकम पाउँ ।

म बिरामी भई उपचार गराउँदा चिकित्सकले जाँच गरी प्रेस्कृप्सन अनुसारको औषधि खरिद गरेकोले देहाय बमोजिमको विवरण खुलाई देहायमा उल्लेखित रकम भुक्तानी पाउन अनुरोध गर्दछु ।

अस्पतालको नाम र ठेगाना :
चिकित्सकको नाम थर र प्रमाणपत्र नं. (लाइसेन्स नं.) :
बिरामीको नाम थर :
स्थायी ठेगाना : जिल्ला: पालिका: वार्ड नं.:
अस्थायी ठेगाना : जिल्ला: पालिका: वार्ड नं.:
सम्पर्क फोन नं.:

रोगको किसिम :
उपचार गरेको अवधि :
अस्पताल भर्ना भएको मिति :
डिस्चार्ज भएको मिति :

चिकित्सकको जाँच रकम :
औषधि खरिद रकम :
अस्पताल भर्ना रकम :
शल्यक्रिया गर्दा लागेको रकम :
उपचार सामाग्री खर्च रकम :
प्रयोगशाला खर्च रकम :
**कुल जम्मा रकम :**

अन्य आवश्यक कुराहरु :
(क)
(ख)

यसमा लेखिएको व्यहोरा ठीक साँचो छ । झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदक:
दस्तखत:
मिति:

**संलग्न कागजात**
१.
२.
३.

प्रदेश सभा सचिवालय प्रदेश नं. ५ बुटवल, नेपाल २०७४

दुर्लभ कुमार पुन मगर
सचिव